नगर कार्यपालिका बैठक, बैठक संख्या [illegible]

आज मिति २०७८ साल असार ३ गते विहिबार दिउँसो २:३० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | " " | धरान-२ | |
| २५. | श्री किशोर परियार | " " | धरान-१२ | |
| २६. | श्री गिता पाखिन | " " | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | " " | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | " " | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | " " | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | " " | धरान-१६ | |
| ३१. | श्री विदुर प्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | [redacted] सचिव | |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | [illegible] मान आले | वडा नं.-४ वडा सदस्य | |
| २. | प्रेम तामाङ | वडा नं. ८ वडा सदस्य | |
| ३. | | | |
| ४. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

बैठकमा छलफल र निर्णय भएका विषयहरु :–

१. **बैठकको गणपुरक संख्या सम्बन्धमाः–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सदस्य सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २८ जना सदस्य सहभागी रहेकोले गणपुरक संख्या पुरा भएकाहुँदा अध्यक्ष वाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **अघिल्ला बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमाः–**

यस अघि नगर कार्यपालिकाको बैठक २०७८/०१/१२ बसेको र उक्त बैठकमा ४ वटा र २०७८/१/३१ गते बसेको बैठकमा ५ वटा गरि जम्मा २ वटा बैठकमा गरि ९ वटा निर्णयहरु भएकामा ती सबै निर्णयहरु कार्यान्वयन भएको पाईयो ।

३. **नबौं नगरसभाको बैठक सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको नवौं नगर सभाको बैठक मिति २०७८।०३।१० गते दिउँसो १ वजे सुनसरी उधोग बाणिज्य संघको सभाहलमा बस्नेगरी आह्वान गर्ने र उक्त बैठकलाई बिषेश सम्बोधनकालागि प्रदेश नं. १ का सभामुख मानीय प्रदीप कुमार भण्डारीज्यूलाई र सम्बोधन गर्न धरानमा रहनु भएका प्रदेश सभाका माननीय सदस्य ज्यूहरूलाई आमन्त्रण गर्ने समेत निर्णय गरियो ।

४. **खरिद नियमावली स्वीकृत सम्बन्धमा :–**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७४ (२) ले प्रदान गरेको अधिकारका र मन्त्रालयवाट उपलब्ध भएको नमूनाका आधारमा यस उपमहानगरपालिकाका महाशाखाहरुवाट तयार भै कानून मस्यौदा समितिको बैठकमा दफावर छलफल र पास भै सिफारिस भएको धरान उपमहानगरपालिकाको खरिद नियमावली २०७८ सर्बसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

५. **संस्था दर्ता नियमावली २०७८ स्वीकृत सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको संस्था दर्ता ऐन २०७७ को दफा १६ अनुसार कार्यालयवाट मस्यौदा तयार भै कानून मस्यौदा समितिको बैठकमा दफावर छलफल र पास भै सिफारिस भएको धरान उपमहानगरपालिकाको संस्था दर्ता नियमावली २०७८ सर्बसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

६. **विविध बिषयः–**

**(क) काजक्रिया खर्च र क्षतिपूर्तिको रकम दिने सम्बन्धमा :**

यस उपमहानगरपालिकाको सरसफाईको काममा प्रयोग भएको को. १. द. ६७ नं को टयाक्टर फोहोर लिएर डम्पीङ्गसाईडमा जाने क्रममा मिति २०७८/२/२६ गते धरान ८ भोटेपुलमा दुर्घटनामा परि उक्त सवारीमा कार्यरत सरसफाईकर्मी बाबुराम पौडेल लडेर उपचारको क्रममा मृत्यु भएको र अनुसन्धानका क्रममा उक्त सवारीका चालक सुरज डोम र टयाक्टर समेत ईलाका प्रहरी कार्यालयको हिरासतमा रहेको अबस्था छ ।उक्त सवारीका चालक सहित सवारी साधन छुटाउन सवारी तथा यातायात व्यबस्था ऐन २०४९ को दफा १६३ (क) बमोजिम मृतकका परिवारलाई रू ५००००। काजक्रिया खर्च र सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ५२ मा भएको व्यवस्था अनुरुप रू ४५००००। क्षतिपूर्ति वापतको रकम जिल्ला प्रशासन कार्यालयमा बुझाएपछिमात्र सवारी चालक र सवारी छुट्न सक्ने व्यवस्था भएको र उक्त सवारी कार्यालयको कामको शिलसिलामा उक्त घटना घटेकोहुदा सवारी ऐन अनुसारको रकम बुझाई उक्त सवारी र सवारी चालकलाई हिरासत मुक्त गराउने निर्णय गरियो ।

**(ख) प्रधानमन्त्री रोजगार कार्यक्रमकोलागि थप योजना छनौट सम्बन्धमा :**

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत यस उपमहानगरपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रमकालागि विगतमा धरान २० को देवि गाँऊ देखि भञ्याङ्ग सम्मको सडकको ड्रेन सफागर्ने योजना स्वीकृत भै सूचिकृत भएका कामदारहरूलाई काम लगाईएकोमा उक्त सडकको भञ्याङ्ग देखि कोकाहा खोला सम्म र भञ्याङ्ग देखि भालढुङ्गा सम्मको सडक मर्मत योजना स्वीकृतगरी तिनै कामदारहरूलाई काम लगाउने निर्णय गरियो ।

**(ग) सामाजिक परीक्षणको प्रतिवेदन स्वीकृत सम्बन्धमा :**

यस उपमहानगरपालिकाको आ.ब. २०७६।०७७ को सामाजिक परीक्षणकालागि छनौट भएको सेवा प्रदायक संस्था श्री विकासकालागि सहकार्य नेपालवाट प्राप्त सामाजिक परीक्षणको प्रतिवेदन आजको बैठकमा पेश भै छलफल गरियो । उक्त प्रतिवेदन स्वीकृत गर्ने र उक्त प्रतिवेदनमा दिएका सुझाबहरू क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**(घ) आर्थिक सहयोग सम्बन्धमा :**

विभिन्न दीर्घकालिन रोग लागी उपचार सहयोगकालागि र प्राकृतिक प्रकोप परी क्षतिभै राहतकालागि पर्न आएका निवेदनहरूमा तपशिल अनुसार सहयोग दिने दिर्णय गरियो ।

(अ) कविता भट्टराई धरान १६ क्यान्सर रोग उपचार सहयोग रू २००००।

(आ) श्री कुमारी श्रेष्ठ धरान ७ मृगौला रोग उपचार सहयोग रू २००००।

(इ) विना राई धरान १८ कलेजो उपचार सहयोग रू २००००।

(ई) थाम बहादुर राई धरान २० आगलागी राहात रू २००००।

**(ङ) शोक प्रस्ताव सम्बन्धमा :**

यस उपमहानगरपालिकाको सरसफाई शाखामा कार्यरत सरसफाईकर्मी बाबुराम पौडेलको मिति २०७८।२।२६ गते निज कार्यरत टयाक्टरवाट झरी असामयिक निधन भएकोमा मृत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

**आजको वैठक ५:०० मा समाप्त भयो।**

**वैठक निर्णय माईनुट गर्ने वरिष्ठ प्रशासकीय अधिकृत गणेश प्रसाद खतिवडा ।**